# सरावल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)**
**प्रदेश नं. ५, नेपाल**


च.नं.

पत्र संख्या : ०७७/०७८

मिति :२०७७/०४/२५

## प्रेश विज्ञप्ती

विश्वभर महामारीको रुपमा फैलिईरहेको कोरोना भाईरस(कोभिड-१९) को संक्रमण नेपालमा पनि तिव्र रुपमा फैलिईरहेको साथै छिमेकी पालिकाहरुमा समेत यसको संक्रमण देखापरेको व्यहोरा सम्पुर्ण सरावलवासीहरुलाई विदितै छ । यसै सन्दर्भमा यस सरावल गाउपालिकाको समुदायस्तरमा PCR परिक्षणको लागी ३१ वटा नमुना परिक्षणको लागी पठाईएकोमा सवै नमुनाहरुको नतिजा Negative आएको व्यहोरा जानकारीको लागी अनुरोध छ। तसर्थ यस भाईरसको रोकथाम नियन्त्रणका लागी अत्यावश्यक वाहेक हिडडुल नगर्नुहुन तथा भिडभाडमा नजानुहुन तथा देहायवमोजिमका सुरक्षाका उपायहरु अवलम्वन गर्नु गराउनुहुन सम्पुर्ण सरावलवासीहरुमा अनुरोध गर्दछु । साथै सहयोगको लागी वडाकार्यालय, प्रहरी चौकी, स्थानिय संघसंस्थाहरुमा हार्दिक अपिल गर्दछु ।

तपशिल

१. यस गाउपालिकाभित्र सञ्चालन हुने कुनै पनि हाटवजार, मेला, सभासम्मेलन सञ्चालनमा पुर्ण रुपमा रोक लागउने साथै भिडभाड हुने चोक तथा पसलमा भिड नियन्त्रणको लागी पर्याप्त उपायहरु अवलम्वन गर्ने ।

२. यस पालिकाभित्र सञ्चालित वित्तिय संस्था, सहकारी संस्था तथा अन्य संघसंस्थामा कोभिड-१९ वाट वच्ने सम्पुर्ण सुरक्षाका उपायहरु अवलम्वन गरी भिड नहुने तवरले सञ्चालन गर्ने ।

३. पालिकाभित्र सञ्चालित पसलहरु सुरक्षाका पर्याप्त उपायहरु अवलम्वन सहित सञ्चालन गर्ने ।

४. दैनिक कार्य सञ्चालन गर्दा अनिवार्य रुपमा सामाजिक दुरी कायम गर्ने, मास्क लगाउने, सावुन पानीले हात धुने तथा सेनिटाईजरको प्रयोग गर्ने लगायतका सुरक्षाका उपायहरु अवलम्वन गर्ने ।

५. संक्रमण भईसकेपश्चात सम्पुर्ण पालिका पुर्णरुपमा लकडाउन गर्नुपर्ने भएकोले वैलेमा सचेत भई संक्रमणवाट वच्ने उपायहरु अपानाउनुहुन तथा सम्वन्धित निकायसंग हातेमालो गर्दै अगाडी वढ्नुहुन सम्पुर्ण सरावलवासीहरुलाई अनुरोध छ ।

..........................

राधेश्याम चौधरी

अध्यक्ष